# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, चैत ४ गते २०४८ साल (अतिरिक्ताङ्क ७० (क)

## भाग ३

श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

**टीकापुर विकास समिति (गठन) (सातौं संशोधन) आदेश, २०४८**

टीकापुर विकास समिति (गठन) आदेश, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस आदेशको नाम "टीकापुर विकास समिति (गठन) (सातौं संशोधन) आदेश २०४८" रहेको छ ।

(२) यो आदेश, तुरुन्त प्रारम्भ हुनेछ ।

२. **टीकापुर विकास समिति (गठन) आदेश, २०२८ को दफा २ मा संशोधनः**

टीकापुर विकास समिति (गठन) आदेश, २०२८ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को,–

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

(क) कैलाली जिल्ला टीकापुर विकास समितिको क्षेत्रका सांसद –अध्यक्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३५५

(ख) प्रमुख जिल्ला अधिकारी, कैलाली जिल्ला —सदस्य

(ग) श्री ५ को सरकार, आवास तथा भौतिक योजना मन्त्रालयले तोकेको स्थानीय समाजसेवी १ (एक) जना —सदस्य

(घ) मालपोत अधिकृत, कैलाली जिल्ला —सदस्य

(ङ) जिल्ला वन कार्यालयका प्रमुख, कैलाली जिल्ला —सदस्य

(च) प्रमुख, भवन र आवास तथा शहरी विकास शाखा, कैलाली जिल्ला —सदस्य

(छ) श्री ५ को सरकार, आवास तथा भौतिक योजना मन्त्रालयले तोकेको अधिकृत —सदस्य-सचिव

(२) उपदफा (४) मा रहेको "पाँच जनासम्म" भन्ने शब्दहरूको सट्टा "चार जनासम्म" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपदफा (५) मा रहेको "सभापतित्व उपाध्यक्षले" भन्ने शब्दहरूको सट्टा "अध्यक्षता प्रमुख जिल्ला अधिकारीले" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उपदफा (६) मा रहेको "सभापतित्व" भन्ने शब्दहरूको सट्टा "अध्यक्षता" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल आदेशको दफा ३ मा संशोधन: मूल आदेशको दफा ३ को सट्टा देहायको दफा ३ राखिको छ:

"३. समितिको काम, कर्तव्य र अधिकार: (१) योजनालाई २०५० साल आषाढ मसान्तसम्म पूरा गर्ने ।"

(२) समितिले हालसम्म चाँच आएको (समितिबाट विभिन्न मितिको निर्णय अनुसार विभिन्न व्यक्ति र संस्थाहरूलाई प्रदान गरिएको) जग्गाहरू (वन क्षेत्र समेत) नापी गराइ समितिको नाममा जग्गाधनी प्रमाण-पूर्जा लिने ।

(३) समितिबाट समय-समयमा विभिन्न मितिको निर्णयानुसार वितरण गरिएका जग्गाहरू बारे कसलाई कति दिने निर्णय भएको थियो र कसले कति भोग गरेका छन् र ती जग्गाहरू-मध्ये के कति जग्गाहरू खेतीयोग्य छन् वा बजार क्षेत्रको लागि उपयुक्त छन् वा बसोवासको लागि उपयुक्त छन् सो कुराहरू समेत हालको स्थिति खुलाइ नापी गराइ त्यसको तथ्य लगत मन्त्रालयमा पेश गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१४००

(४) अब बितरण गर्न सकिने घडेरी तथा अन्य जग्गाहरू के कति छन् नापी गराइ त्यसको तथ्य लगत मन्त्रालयमा पेश गर्ने ।

(५) जग्गा सट्टा भर्ना दिने सम्बन्धी कुराहरू बारे आवश्यक छान-बिन गरी मन्त्रालयमा पेश गर्ने ।

(६) कृषि विकास बैङ्कबाट लिइएको ऋणको साँवा ब्याज चुक्ता गर्न प्रयत्नशील रहने र भविष्यमा मन्त्रालयको स्वीकृति बिना ऋण नलिने ।

(७) समितिबाट निर्माण र संचालन गरिएका पूर्वाधार स्वरूपका निर्माण कार्यहरू (हवाई मैदान, स्कूल, बगैचा, स्वास्थ्य केन्द्र आदि) श्री ५ को सरकारको सम्बन्धित निकायलाई हस्तान्तरण गर्न कारबाही गर्ने ।

(८) कृषि उत्पादन, वन क्षेत्रको संरक्षण र सम्वर्धन गर्ने र ती क्षेत्रहरूको साथै अन्य स्रोतबाट समेत प्राप्त हुने आय बृद्धि गर्न प्रयत्नशील रहने ।

(९) समिति अन्तर्गत सञ्चालित विकास निर्माण कार्यहरू र दैनिक प्रशासनिक तथा आर्थिक प्रशासन सम्बन्धी कारोबारहरू सञ्चालन गर्ने ।

आज्ञाले,
सरस्वती श्रेष्ठ
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१८०९
मुद्रण विभाग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9802